संघीय संसद
प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

(कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकार)

संसद भवन, सिंहदरबार
काठमाण्डौं, नेपाल

पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ती

मिति २०७७ भाद्र ६ गते बानेश्वर, काठमाण्डौंमा सञ्चालित लर्ड बुद्ध होस्टेलमा निजामती अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु बसेको कारण देखाई टोल सुधार समितिको अगुवाइमा स्थानीय व्यक्तिहरुबाट होस्टेल घेराउ र त्यसका सञ्चालकमाथि गरिएको दुर्व्यवहारप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ । त्यस्तै, विभिन्न मितिमा विरगञ्ज, विराटनगर, जाजरकोट लगायतका देशका विभिन्न स्थानमा कार्यरत स्वास्थ्यकर्मीहरुमाथि गरिएको दुर्व्यवहार र आक्रमणले समितिलाई चिन्तित बनाएको छ । स्वास्थ्यकर्मी भएकै कारणले गरिएका यस्ता ज्यादतिपूर्ण कार्यप्रति समिति दुःख एवम् खेद प्रकट गर्दछ ।

कोभिड १९ को महासंकटको अवस्थामा जनताको सेवामा अग्रस्थानमा खटिएका स्वास्थ्यकर्मीको मनोबल गिराउने र अपमान गर्ने यस्ता अवाञ्छित व्यवहारले स्वास्थ्यकर्मीहरुलाई निकै हतोत्साहित बनाउने र सम्मानपूर्वक बाँच्न पाउने तथा आफूले रोजेको पेशा, व्यवसाय गर्न पाउने संविधान प्रदत्त मौलिक हक एवम् मानव अधिकारमाथि नै आँच पुग्ने हुँदा यस्ता खालका हर्कत नगर्न नगराउन समिति अनुरोध गर्दछ । यस्ता कार्यमा संलग्नको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याउन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ । कोभिड-१९ बाट सिर्जित संकटको रोकथाम, नियन्त्रण र उपचारका लागि अहोरात्र खटिएका स्वास्थ्यकर्मीहरुलाई आवश्यक सहयोग र सुरक्षा प्रदान गरी उनीहरुको मनोबल उच्च राख्न सम्बन्धित सबैमा समिति हार्दिक अपिल गर्दछ ।

मिति : २०७७ भाद्र ७ गते ।

कृष्ण भक्त पोखेल
सभापति